प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# बागमती प्रदेश कार्यालय

हेटौंडा, मकवानपुर

**९-१० (प्राविधिक धार) अध्ययन गरी डिप्लोमा/प्रमाणपत्र तहको प्रवेश परीक्षामा आवेदन फाराम भरेका आवेदक/संस्थाहरुलाई अत्यन्त जरुरी सूचना ।**

प्रथम पटक प्रकाशित मितिः २०८२/०४/२०

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्, परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरको आ.व. २०८२/०८३ नँया भर्नाको लागि डिप्लोमा/प्रमाणपत्र तहका सम्पूर्ण कार्यक्रमहरुको आबेदन फाराम भर्ने सम्बन्धमा विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम Online बाट प्राप्त हुन आएका आबेदन फारामहरु रुजु हुने क्रममा ९-१० (प्राविधिक धार) अध्ययन गरी उत्तीर्ण विद्यार्थीहरु मध्ये केहि आवेदकहरुले आफ्नो कार्यक्रम/संकाय भन्दा फरक कार्यक्रम/संकायमा आवेदन भरेको पाइएको हुँदा प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनौट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ को परिच्छेद २ नियम ३ (१) (घ) अनुसार "**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत संचालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरुमा प्रि-डिप्लोमा तह वा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेका हरुले आफुले अध्ययन गरेको कार्यक्रम अथवा सोहि संकाय अन्तर्गतको अन्य कार्यक्रम समेत अध्ययन गर्न पाइने"** भन्ने उल्लेख भएको सन्दर्भमा सामान्य चिकित्सा, नर्सिङ्ग, फार्मेसी र मिडवाईफ्री बाहेकका अन्य पूर्णशुल्कीय कार्यक्रमहरुमा केहि शिक्षण संस्थाबाट स्वीकृतिका लागि पठाईएका आवेदनहरु विद्यार्थीहरुले अध्ययन गरेको कार्यक्रम/संकाय भन्दा फरक विषयमा देखिएकोले सम्बन्धित संस्थाहरुले त्यस्ता आवेदकहरु यकिन गरी सूचना प्राप्त भएको मितिले ३ (तीन) दिन भित्र तपसिल अनुसारको ढांचामा लिखित जानकरी पठाउनहुन सुचित गरीन्छ । साथै उल्लेखित योग्यता भएका आवेदकहरुको फाराम स्वीकृत भएको अवस्थामा समेत जुनसुकै बखत रद्ध हुने व्यहोरा समेत यसै सूचना मार्फत जानकरी गराईन्छ ।

| क्र.स | आवेदकको नाम | आवेदन फाराम नं | कार्यक्रम | कैफियत |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |

**निर्देशक**